केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/०८/०७०/७१ मिति: २०७०/०६/२२

**"क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट जारी एकीकृत निर्देशनको इ.प्रा. निर्देशन नं. ३ को बुँदा नं. १२ मा भएको व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ ।

*"१२. **उत्पादनशील क्षेत्र कर्जा सम्वन्धी व्यवस्था***

*(१) **"क" वर्गका संस्थाहरुको हकमा:***

*यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरुले उत्पादनशील क्षेत्रमा गर्ने कर्जा लगानीलाई सुनिश्चित गर्न कृषि, उर्जा, पर्यटन क्षेत्र र घरेलु तथा साना उद्योगतर्फ कुल कर्जा लगानीको न्यूनतम २० प्रतिशत कर्जा लगानी गर्नुपर्ने छ । यस मध्ये कृषि र उर्जा क्षेत्रमा कुल कर्जा लगानीको न्यूनतम १२ प्रतिशत कर्जा लगानी गर्नुपर्ने छ ।*

*यो निर्देशन जारी हुनु अघि कृषि, उर्जा, पर्यटन क्षेत्र र घरेलु तथा साना उद्योगतर्फ कुल कर्जा लगानीको २० प्रतिशत भन्दा कम कर्जा लगानी रहेको भएमा २०७२ असार मसान्तसम्म न्यूनतम २० प्रतिशत पुऱ्याउनु पर्नेछ । साथै, कृषि र उर्जा क्षेत्रतर्फ कुल कर्जा लगानीको १२ प्रतिशत भन्दा कम कर्जा लगानी रहेको भएमा २०७२ आषाढ मसान्तसम्म न्यूनतम १२ प्रतिशत पुऱ्याउनु पर्ने छ । विद्यमान व्यवस्था बमोजिम कृषि र उर्जा क्षेत्रतर्फ २०७१ असार मसान्तसम्म न्यूनतम १० प्रतिशत पुऱ्याउनु पर्ने छ ।*

*(२) **"ख" र "ग" वर्गका संस्थाहरुको हकमा:***

*(क) यस बैंकबाट इजाजतपत्रप्राप्त "ख" र "ग" वर्गका संस्थाहरुले उत्पादनशील क्षेत्रमा गर्ने कर्जा लगानीलाई सुनिश्चित गर्न आगामी तीन वर्षभित्र (२०७३ असार मसान्तसम्म) कृषि, उर्जा, पर्यटन क्षेत्र र घरेलु तथा साना उद्योगतर्फ कुल कर्जा लगानीको "ख" वर्गका संस्थाले न्यूनतम १५ प्रतिशत र "ग" वर्गका संस्थाले न्यूनतम १० प्रतिशत कर्जा लगानी पुऱ्याउने गरी वार्षिक कार्ययोजना तयार गर्नुपर्ने छ । यसरी तयार गरिएको वार्षिक कार्ययोजनालाई अनुगमन गर्न सकिने गरी हरेक वर्ष अर्धवार्षिक लक्ष्य समेत निर्धारण गर्नु पर्नेछ । संस्थाले निर्धारण गरेको वार्षिक लक्ष्य सम्बन्धी कार्ययोजना/विवरण निर्देशन फा. नं. ३.३ बमोजिमको ढाँचामा मिति २०७० पुसमसान्त भित्र बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नुपर्ने छ ।*

*(ख) खण्ड (क) बमोजिमको अर्धवार्षिक लक्ष्य अनुसार कर्जा लगानी भए नभएको बारे संचालक समितिले प्रत्येक ६।६ महिनामा समीक्षा गर्नु पर्नेछ ।*

*(ग) खण्ड (ख) बमोजिमको समीक्षा विवरण निर्देशन फा. नं. ३.४ बमोजिमको ढाँचामा अर्धवार्षिक अवधि समाप्त भएको एक महिनाभित्र बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*स्पष्टिकरण:*

*(१) 'कृषि क्षेत्र' भन्नाले (क) अन्न, तरकारी तथा अन्य नगदे वाली, (ख) चिया/कफी, सुर्ति, सनपाट, फलफुल तथा पुष्प खेती, (ग) पशु, पंक्षी तथा माहुरी पालन, (घ) मलखाद तथा किटनाशक, (ङ) शीत भण्डारण, (च) सिँचाई, (छ) वन, (ज) पशु वा पंक्षी वधशाला (झ) अन्य कृषि तथा कृषि जन्य सेवाहरु (ञ) माछापालन, (यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. १ र २ बमोजिमको) क्षेत्रहरुलाई जनाउने छ । त्यसैगरी कृषि क्षेत्र अन्तर्गत (क) कृषि औजार, (ख) मल, (ग) विउ-विजन, (घ) पशुपंक्षी-दाना, (ङ) कृषि उत्पादन भण्डारण र (च) चिया, कफि, अदुवा र फलफुल प्रशोधन तथा आन्तरिक कृषि उपजको प्राथमिक रुपमा हुने प्रशोधन समेत पर्ने छ ।*

*(२) 'उर्जा क्षेत्र' भन्नाले जलविद्युत र नवीकरणीय उर्जा सम्बन्धी (यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. ७.१ बमोजिमको) क्षेत्रहरुलाई मात्र जनाउने छ ।*

*(३) 'पर्यटन क्षेत्र' भन्नाले (क) ट्रेकिङ्ग, ट्राभल एजेन्सी, पर्वतारोहण, रिसोर्ट, राफि्टङ्ग, क्याम्पिङ्ग, आदि, (ख) होटल, (ग) मनोरंजन, रिक्रिएसन, चलचित्र सम्बन्धी (यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. १२ बमोजिमको) क्षेत्रहरुलाई मात्र जनाउने छ ।*

*(४) 'घरेलु तथा साना उद्योग' भन्नाले घरेलु उद्योग अन्तर्गत औद्योगिक व्यवसाय ऐन, २०४९ को अनुसूची १ मा उल्लेखित उद्योगहरु र साना उद्योग अन्तर्गत तीन करोडसम्म स्थीर जेथा भएका उद्योगहरु मात्र पर्नेछन् । तर, कृषि, उर्जा र पर्यटन क्षेत्रमा परेका उद्योगहरुलाई दोहोरो पर्ने गरी घरेलु तथा साना उद्योग अन्तर्गत राख्न पाइने छैन ।*

*(५)यस खण्डको प्रयोजनको लागि कृषि, उर्जा, पर्यटन क्षेत्र र घरेलु तथा साना उद्योगमा भएको लगानी रकम तथा प्रतिशत सहितको यसै साथ संलग्न निर्देशन फा. नं. ३.२ बमोजिमको मासिक विवरण बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नुपर्ने छ ।"*

२. यस बैंकबाट जारी एकीकृत निर्देशनको इ.प्रा. निर्देशन नं. १४ को बुँदा नं. १ (शाखा/कार्यालय खोल्ने सम्बन्धी व्यवस्था) को खण्ड (ज) र (झ) लाई देहाय बमोजिम संशोधन गरिएको छ । साथै, सोही बुँदाको खण्ड (ख) को उपखण्ड (ऐ) र खण्ड (च) मा उल्लिखित "१७ जिल्ला" को सट्टा "१४ जिल्ला" कायम गरिएको छ ।

*(ज) काठमाडौं उपत्यका बाहिर देहाय बमोजिम तीनवटा शाखा खोली संचालनमा ल्याए पश्चात मात्र काठमाडौं उपत्यकाभित्र एक शाखा खोल्न स्वीकृति प्रदान गर्न सकिने छ । उपत्यका भित्र शाखा खोल्न निवेदन पेश गर्दा यसरी खोलिने शाखाको लागि बाहिर खोलिएका शाखाहरुको विवरण पेश गर्नुपर्ने छ । साथै, उपत्यकाभित्र शाखा खोल्न स्वीकृति दिँदा चक्रपथ बाहिर तथा गा.वि.स.हरुमा खोल्न प्राथमिकता दिइने छ ।*

*(अ) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका तोकिएका १४ जिल्लामा कम्तीमा एक शाखा र*

*(आ)काठमाण्डौ उपत्यका बाहिर अन्यत्र दुई शाखा । यस मध्ये जिल्ला सदरमुकाम तथा नगरपालिका भन्दा बाहिर कम्तिमा एक शाखा हुनुपर्ने छ ।*

*तर, उपर्युक्त व्यवस्थाले देहाय बमोजिमका स्थानमा शाखा विस्तार गर्न वाधा पुर्‍याएको मानिने छैन ।*

- *राष्ट्रियस्तरका संस्थाहरु बाहेकका इजाजतपत्रप्राप्त संस्थाहरुको हकमा आफ्नो स्वीकृत कार्यक्षेत्रभित्र शाखा कार्यालय स्थापना गर्न ।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

- *"क" वर्गका इजाजतप्रत्रप्राप्त संस्थाको रुपमा स्थापित नयाँ बैंकको काठमाण्डौं उपत्यकाभित्र केन्द्रीय कार्यालय/कर्पोरेट कार्यालय र एउटा शाखा कार्यालय स्थापना गर्न ।*
- *आयात निर्यात व्यापारका लागि प्रमुख भन्सार नाका मानिएका काँकडभिट्टा, विराटनगर, वीरगंज, भैरहवा, नेपालगंज र धनगढीमा एक/एकवटा शाखा कार्यालय स्थापना गर्न ।*

*(झ) यस निर्देशनको प्रयोजनका लागि भोजपुर, ओखलढुंगा, मनाङ, रुकुम, सल्यान, जुम्ला, मुगु, हुम्ला, कालिकोट, डोल्पा, जाजरकोट, बझाङ, बाजुरा, र दार्चुला गरी १४ जिल्लाहरुलाई बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका जिल्लाहरु भनी तोकिएको छ ।*

३. कफी, सुन्तला, चिया जस्ता कृषि उत्पादनमूलक व्यवसाय र पशुपालन तथा दुग्धजन्य उत्पादनमूलक व्यवसायका लागि रु. १० लाखसम्मको कर्जा प्रवाह गर्दा सम्भाब्यताका आधारमा परियोजनाकै धितोमा कर्जा प्रवाह गर्न सकिने छ । यस सम्बन्धमा कुनै गुनासो भएमा सम्बन्धित ग्राहकले स्पष्ट व्यहोरा खुलाई यस बैंकमा गुनासो गर्न सक्ने छ ।

४. यस बैंकबाट जारी एकीकृत निर्देशनको इ.प्रा. निर्देशन नं. २ को बुँदा नं. ९ को उपबुँदा (२) को खण्ड (ग) मा भएको व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ ।

*"(ग) बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह भएका परियोजनाहरुको ब्याजमा वृद्धि, अन्य लागतमा वृद्धि वा उत्पादन क्षमतामा वृद्धि भई शुरुमा तोकिएको कर्जा भुक्तान गर्ने अवधि (Repayment Schedule) मा कर्जा चुक्ता गर्न सक्ने स्थिति नरहेका ऋणीहरुमध्ये राष्ट्रिय प्राथमिकतामा रहेका हाईड्रोपावर, केवलकार, सिमेन्ट वा अन्य पूर्वाधार निर्माण सम्बन्धी परियोजनाहरुलाई देहायका शर्तहरु पूरा गरी पुनरतालिकीकरण/पुनर्संरचना गरेको अवस्थामा १ प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने छ । यसरी पुनरतालिकीकरण/पुनर्संरचना गरिएका कर्जाहरुलाई असल कर्जाको रुपमा वर्गीकरण गर्न सकिने छ ।*

*(अ) परियोजना निष्कृय नभई संचालन मै रहेको वा संचालन सुरु हुने क्रममा रहेको हुनुपर्ने, र*

*(आ) सुरुमा कर्जा प्रवाह गर्दा निर्धारण गरिएको ग्रेस (Moratorium) अवधि भन्दा पछिको अवधिमा पाकेको व्याज पूँजीकृत गरी आम्दानी बाध्न नपाइने ।"*

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तीनकुने, काठमाण्डौं ।